# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असोज २० गते, २०७४ साल (अतिरिक्ताङ्क १९ख

## भाग ५

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले संवत् २०७४ साल मंसिर १० र २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले देहाय बमोजिमको सीमाभित्र रही खर्च गर्ने गरी निर्वाचन आयोग ऐन, २०७३ को दफा २४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ बमोजिम निर्वाचन खर्चको अधिकतम हद तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) <u>पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको अधिकतम सीमा</u> :

(१) प्रतिनिधि सभा सदस्य पदको उम्मेदवारले पच्चीस लाख रुपैयाँसम्म र प्रदेश सभा सदस्य पदको उम्मेदवारले पन्ध्र लाख रुपैयाँसम्म खर्च गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रकरण नं. (१) मा उल्लिखित खर्च देहायका शीर्षकमा गर्न सकिनेछ :-

| क्र.सं. | खर्च शीर्षक | प्रतिनिधिसभा | प्रदेशसभा |
|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | ३,०००.- | १,८००.- |
| २. | सवारी साधन | ५,००,०००.- | ३,००,०००.- |
| ३. | सवारी इन्धन (घोडा प्रयोग गरिएकोमा दाना समेत) | १,००,०००.- | ६०,०००.- |
| ४. | प्रचार प्रसार सामाग्री | १,००,०००.- | ६०,०००.- |
| ५. | ढुवानी | ७५,०००.- | ४५,०००.- |
| ६. | गोष्ठी/अर्न्तक्रिया | ८,००,०००.- | ४,८०,०००.- |
| ७. | अन्य प्रचार-प्रसार, छापा एवं विद्युतीय माध्यम | १,००,०००.- | ६०,०००.- |
| ८. | कार्यालय सञ्चालन | ५,००,०००.- | ३,००,०००.- |
| १०. | प्रतिनिधि परिचालन | २,००,०००.- | १,२०,०००.- |
| ११. | विविध | १,२२,०००.- | ७३,२००.- |
| | जम्मा :- | २५,००,०००.- | १५,००,०००.- |

(ख) **समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा :**

**समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार दुई लाख रुपैयाँसम्म र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्यको निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार एक लाख पचास हजार रुपैयाँ सम्म खर्च गर्न सक्नेछ ।**

**आज्ञाले,**
**बेगेन्द्रराज शर्मा पौड्याल**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।